# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ वैशाख २२ गते

## हरिहर भवन स्थित सबै कार्यालयहरुको व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण

वैशाख १२ गते आएको विनाशकारी भूकम्पका कारण ललितपुर पुल्चोकस्थित क्षतिग्रस्त भएको राष्ट्रिय मानव अधिकार आयोगको भवनका लागि तत्कालिन र दीर्घकालिन व्यवस्थापन गर्न आयोगले सरकारलाई आग्रह गरेको छ ।

आयोगका अध्यक्ष अनुपराज शर्मा, आयोगका सदस्य, राष्ट्रिय न्यायिक प्रतिष्ठान, निजामती किताबखाना तथा नेपाल राष्ट्रिय पुस्तकालयका प्रमुखहरुको उपस्थितिमा मंगलबार बसेको बैठकले भवन क्षतिग्रस्त हुँदा कार्यालयमा दैनिक रुपमा हुँदै आएको सम्पूर्ण कामकाज बन्द भएकोले जति सक्दो छिटो भवनको लागि तत्कालिन र दीर्घकालिन व्यवस्था गर्न बैठकको निर्णय अनुसार आयोगले सरकारलाई आग्रह गरेको हो ।

कार्यालयको भवन भित्र सहजै जान सक्ने अवस्था नरहेको हुँदा सम्पूर्ण सामान, महत्वपूर्ण पुस्तक लगायतका दस्तावेजहरूलाई यथासक्य छिटो सुरक्षित रूपमा बाहिर निकाली व्यवस्थित रुपमा राख्ने व्यवस्था मिलाइदिन पनि आयोगले सरकारलाई आग्रह गरेको छ ।

आयोग, राष्ट्रिय न्यायिक प्रतिष्ठान, निजामती किताबखाना तथा नेपाल राष्ट्रिय पुस्तकालयको भवन रहेको हरिहर भवनलाई तत्कालै विनिर्माण गरी सोही स्थानमा सबै कार्यालयहरुलाई पुग्ने गरी नयाँ भवन पुनर्निर्माणका लागि कार्य गर्न पनि आयोगले सरकारको ध्यानाकर्षण गराएको छ ।

विनासकारी भूकम्पका कारण क्षतिग्रस्त भएको भवनहरू जुनसुकै अवस्थामा भत्कन सक्ने भन्दै भवन विभाग तथा सुरक्षा निकायका प्राविधिकहरूले रातो स्टीकर टाँसेकोले हाल आयोगको कामकाज शिशु स्याहार कक्षबाट संचालन भइरहेको छ भने राष्ट्रिय न्यायिक प्रतिष्ठान, निजामती किताबखाना तथा नेपाल राष्ट्रिय पुस्तकालयका कामकाज ठप्प भएको स्थिति छ ।

बेद प्रसाद भट्टराई
का.मु. सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौं, नेपाल